स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता अनमोल केसी विश्वकप फुटबल हेर्न अहिले अमेरिका पुगेका छन्। नेपाली समयानुसार आज बिहान भएको अर्जेन्टिना र जोर्डनबीचको खेल हेर्न अनमोल टेक्सासको ड्यालसस्थित रंगशालामा पुगेका थिए। उनले रंगशालामा रमाउँदै गरेका फोटो र भिडियो सोसल मिडियामा सेयर गरेका छन्। एक भिडियोमा लियोनल मेस्सीले मैदानमा खेल्दै गरेको देख्न सकिन्छ।

आजको विचार...



भूमिनन्द बराल

के...

(दुई पेजमा)

शुक्रबारदेखि प्रदर्शनमा रहेको फिल्म "एक मुठ्ठी बादल"लाई प्रिमियर गरिएको छ। "प्राइभेट स्क्रिनिङ" नाम दिइएको उक्त कार्यक्रममा फिल्म हेर्न पूर्वप्रधानमन्त्री सुशीला कार्कीदेखि राजनीतिज्ञ, फिल्मकर्मी, संचारकर्मी पुगेका थिए। फिल्म हेरेपछि कार्कीले फिल्मको प्रशंसा गरिन्। उनले कथावस्तु र विशेषगरि अभिनेत्री आँचल शर्माको अभिनयको प्रशंसा गरिन्। अहिले हेर्दैं भनेपनि पुरानो सिनेमाहरु हेर्छु" कार्कीले भनिन्, "अब हाम्रो नीतीजी, यो सिनेमा बनाउने मान्छे, निर्माताको आमा चाहीं एउटै कम्युनिटी न्यायाधीश।



❒ वर्ष ३१ ❒ अंक ३३१ ❒ २०८३ असार १५ गते सोमबार 29 June 2026, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# आज असार पन्ध्र : राष्ट्रिय धान दिवस, दही चिउरा खाँदै रोपाइँ गरिँदै

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असार १४/आज असार पन्ध्र राष्ट्रिय धान दिवस देशभर खेतमा रोपाइँ गरी दही-चिउरा खाएर मनाइँदैछ । 'असारको पन्ध्र दहीचिउरा खानू, साउनको पन्ध्र खीर' भन्ने लोकोक्ति प्रख्यात छ । आजको दिनलाई राष्ट्रिय धान दिवसका रुपमा पनि मनाइन्छ । आज रोपाइँ गरी दही-चिउरा खानाले गति परिने विश्वासमा खेतीपाती नहुनेहरु पनि अरुको खेतमा वा आफ्नै करेसाबारीमा रोपाइँ गरेर हिलो छ्यापाछ्यप गरेर रमाइलो गर्छन् ।

असारको समयमा किसान अति व्यस्त हुने र खेतको पानी सकिएमा वर्ष दिन खाने बाली लगाउन नपाइने हुँदा धानको बीउ रोप्नेजस्तो व्यस्त समयमा घरमा मानिस मरे पनि घुमले छोपेर काममा जानुपर्छ भन्ने किंवदन्ती छ । बोलीचालीको भाषामा आफ्नो व्यस्तता दर्शाउन पनि 'मलाई अहिले असारको पन्ध्र छ' भन्ने गरिन्छ । मानो छरेर मुरी उब्जाउने महिनाका रुपमा पनि असार पन्ध्रलाई




लिने गरिन्छ । रोपाई जात्रा, हिलो खेल्ने, दहीच्युरा खाने जस्ता नामले पनि असार १५ गतेलाई धुमधामका साथ मनाउने गरिन्छ । विक्रम संम्वत २०६१ मा विश्वका ४३ राष्ट्रले संयुक्त राष्ट्रसंघलाई अन्तर्राष्ट्रिय धान वर्ष घोषणा गर्न अनुरोध गरेका थिए । राष्ट्रसंघले धान वर्ष घोषणा गरेपछि नेपालमा विक्रम संवत् २०६२ असार १५ गतेदेखि धान दिवस मनाउन थालिएको विज्ञहरुको भनाई छ । पछिल्लो समय पाल्पासहित देशभरका स्थानमा असार पन्ध्र धुमधामका साथ मनाउने गरिन्छ । कृषिसँग सरोकार राख्ने निकायहरुले असार पन्ध्रको अवसर पारेर आज धान रोपाई र दही चिउरा खाने कार्यक्रमको आयोजना गरेका छन् । कृषि ज्ञान केन्द्र पाल्पाले दिवसको अवसरमा आज तानसेन नगरपालिका -१४ अर्गेलीफाँटमा रोपाइँ गरी धान दिवस मनाउन लागेको कार्यालय प्रमुख अमिता पाण्डेले बताइन् । उनका अनुसार जिल्लामा आइतबारसम्म करिब १५ प्रतिशत जति धान रोपाइँ भइसकेको छ । खेतीपातीबाहेक अन्य पेसा र व्यवसायमा लागेका नेपालीले पनि आज दही चिउरा खाई असार १५ मनाउँछन् । मध्य गर्मीको यो समयमा युवा लाठे र युवती रोपाहारले खेतका गराको हिलो छ्यापाछ्यप गरेर मनोरञ्जन गर्छन् ।

-बाँकी अन्तिम पेजमा...

## संक्षिप्त समाचार

### भूकम्पबाट एक हजार चार सयको मृत्यु

**(रासस/एएफपी)**

**भेनेजुएला,** असार १४/शक्तिशाली भूकम्प गएको तीन दिनभन्दा बढी समय बितिसक्दा पनि उद्धारकर्मीहरूले शनिबार भग्नावशेषमा बाँचेकाहरूको खोजी गर्न दौडधुप गरिरहेका छन् । शनिबार राति एक ११ बर्षीय बालकलाई सकुशल उद्धार गरिएको छ । आइतबार यो समाचार तयार पार्दासम्म मृतक सङ्ख्या एक हजार ४३० पुगेको पुष्टि भएको छ । समय बित्दै जाँदा भग्नावशेषमा पुरिएका व्यक्तिलाई जीवित अवस्थामा भेट्ने सम्भावना क्षीण बन्दै गएको छ । भूकम्पका कारण हजारौँ मानिस वेपत्ता भएका छन् भने ठूलो सङ्ख्यामा घाइते भएका रिपोर्ट प्राप्त भएका छन् । पहिल्यै आर्थिक सङ्कट र राजनीतिक अस्थिरताबाट गुज्रिरहेको भेनेजुयलामा भूकम्पको क्षतिका कारण थप सङ्कट आएको छ । जनवरीमा अमेरिकी विशेष बलले तत्कालिन नेता निकोलस मादुरोलाई पक्राउ गरेको थियो । लाखौं मानिसहरूलाई सरसफाइ र अन्य आधारभूत आवश्यकताहरूको अभाव भएको डर छ । विशेषज्ञहरूका अनुसार प्राकृतिक विपत्तिपछि पहिलो ७२ घण्टा बाँचेकाहरू फेला पार्ने महत्वपूर्ण समय हो । त्यसपछि खोजी शव निकाल्ने कार्यमा परिणत हुन्छ । नाम दिन नचाहने एक साल्भाडोरका उद्धारकर्मीले भने, "यो अवस्थामा उनीहरू (वेपत्ता मानिस) जीवित पाउने सम्भावना कम रहन्छ ।

## देशका विभिन्न प्रदेशमा अत्यधिक वर्षा हुने



**पाल्पा,** असार १४/ आइतबारदेखि आउँदो मंगलबारसम्म देशका विभिन्न स्थानमा अत्यधिक वर्षा हुने भएको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार आइतबार कोशी प्रदेशका पहाडी र तराई भू-भागका एक/दुई स्थानमा भारी वर्षा भएको छ ।

विभागले सोमबार कोशी प्रदेशका पहाडी र तराईका थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको जनाएको छ । मधेश, बागमती, गण्डकी प्रदेशको एक/दुई स्थानमा पनि भारी वर्षाको सम्भावना रहेको छ । मंगलबार कोशी प्रदेशका पहाडी र तराईका थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको छ । मधेश र गण्डकी प्रदेशको एक/दुई स्थानमा पनि भारी वर्षाको सम्भावना रहेको विभागले जनाएको छ ।

## गुल्मीमा स्थानीय जातका गाई लोप हुँदै, संरक्षणका लागि भत्ता

**गुल्मी,** असार १४/पहिला गाउँघरका प्रत्येक गोठमा देखिने स्थानीय जातका गाई अहिले लोप हुँदै गएका छन् । किसानले व्यावसायिक रूपमा दूध बढी दिने उन्नत जातका गाईपालन गर्न थालेपछि स्थानीय जातका गाई पाल्ने चलन घट्दै गएको हो ।

स्थानीय जातका गाईपालनमा किसानलाई आकर्षित गराउने उद्देश्यले यहाँको मदाने गाउँपालिका-१ अग्लुङ्मा स्थानीय लहिनो जातका गाई संरक्षणका लागि किसानलाई प्रतिगाई वार्षिक दुई हजार स्याहार भत्ता वितरण गर्न सुरु गरिएको छ । गाउँघरबाट विस्तारै हराउँदै गएको स्थानीय गाई जोगाउँदै पुन:गाईपालनतर्फ आकर्षित गर्ने उद्देश्यले उक्त कार्यक्रम सञ्चालन गरिएको वडाध्यक्ष सुशील चन्दले बताए । स्थानीय गाई लोप हुँदै गएपछि यसको प्रत्यक्ष असर धार्मिक संस्कारदेखि कृषि क्षेत्रसम्म पर्दै आएको उनको भनाइ छ । पहिला गाउँघरमा




मृत्यु संस्कारमा पुरोहितलाई लहिनो गाई दान गर्ने परम्परा थियो । तर अहिले भने पुरोहितले गाई लैजान छाडेसँगै गाईको सट्टामा नगद दिने चलन बढेको वडाध्यक्ष चन्दले जानकारी दिए । धार्मिक कर्मका लागि आवश्यक पर्ने गाईको गोबर र गोमूत्रसमेत खोज्नुपर्ने अवस्था आएको भन्दै उनले गाईपालन व्यवसाय घट्दै जाँदा धार्मिक संस्कार, संस्कृति र परम्परामा प्रत्यक्ष असर पर्दै जान थालेको बताए । "पहिला हरेक घरमा गाई पाल्ने प्रचलन थियो, अहिले दिनभरि गाउँमा घुम्दै जाँदा गोठहरू खाली देखिन्छन् ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## औपचारिकतामै सीमित धान दिवस

आज असार पन्ध्र रोपाइँ गरिरहेको खेतको आलीमा बसेर दही चिउरा खाँदै धान दिवस मनाइँदै छ । नेपाल सरकारको विसं २०६१ मङ्सिर २९ को मन्त्रीस्तरीय घोषणाले प्रत्येक वर्षको असार १५ लाई 'धान दिवस' मनाउने निर्णय गरेको थियो । सोही वर्षदेखि नेपालमा औपचारिक रुपमा धान दिवस मनाइँदै आइएको हो ।

दिवसका दिन देशभर उच्चपदस्थ अधिकारीहरूले समेत तामझामका साथ हिलोमा पस्ने र धान रोप्ने काम गर्दै छन् । तर धान दिवसका दिन मात्र धान रोपे झै गर्नुले कति सार्थकता प्राप्त गर्‍यो भन्ने विषयमा खासै छलफल र वहस हुँदैन । कृषिप्रधान मुलुकमा धानकै नाममा एक दिन विशेष उत्सव मनाउनुको आफ्नै अर्थ छ । तर धानसँग अन्तरसम्बन्धित वर्षौंदेखिका मुद्दालाई सम्बोधन गर्ने दिशामा भने कुनै पनि कदम नचाली खालि तामझामका साथ दिवस मात्रै मनाउनुको चाहिँ कुनै अर्थ छैन । धान नेपालीहरूको मुख्य खाद्यान्न बाली मात्र नभई हाम्रो संस्कृति, अर्थतन्त्र र जीवनशैलीसँग पनि गहिरो रुपमा जोडिएको छ । यो दिवस केवल रोपाइँको उत्सव होइन, कृषि क्षेत्रको वर्तमान अवस्था, चुनौती र सम्भावनाबारे गम्भीर समीक्षा गर्ने अवसर पनि हो । तर त्यसो हुन नसक्नु दुखद् हो ।

दिवसलाई केवल औपचारिक कार्यक्रम वा हिलोमा रमाउने उत्सवमा सीमित गर्नु हुँदैन । यसलाई किसानको सम्मान, कृषि सुधार र आत्मनिर्भर अर्थतन्त्र निर्माणको अभियानका रूपमा रुपान्तरण गर्न आवश्यक छ । सरकार, निजी क्षेत्र, कृषि विज्ञ, स्थानीय तह र किसानबीचको सहकार्यले मात्र कृषि क्षेत्रलाई दिगो र प्रतिस्पर्धी बनाउन सक्छ । विडम्वना त्यसो भने हुन सकेको छैन् । हरेक वर्ष मनाइँने यस्ता दिवसले पछिल्लो समय भने किसानलाई आशा होइन, निराशा मात्र थपेको छ । सरकारले हरेक वर्ष ल्याउने नीति तथा कार्यक्रम र बजेटमा कृषिसम्बन्धी विषय बुलन्द सुनिए पनि कार्यान्वयन भने प्रभावकारी कहिल्यै हुन सकेन । धान रोप्ने समयमा किसानले रासायनिक मलका लागि घन्टौं लाइनमा बस्नुपर्ने बाध्यताको अन्त्य हुन सकेको छैन । विगतका नारालाई फर्केर हेर्ने हो भने नारा एकातिर, धान तथा कृषि उत्पादनको अवस्था अर्कोतिर मौलाएको पाइन्छ । कृषिभूमिको संरक्षणको नाराका साथ धान दिवस मनाए पनि हाल धान फल्ने खेत खण्डीकरण भई कंक्रिट संरचना तथा घर फलेका छन् । धान उत्पादनमा वृद्धि गर्ने नारा लिए पनि, धान-चामल निर्यात गर्ने देशको रुपमा चिनिएको कृषिप्रधान देशका जनताले अर्बौंको चामल किनेर खान बाध्य छन् । यसले कृषि नाराले चल्दैन भन्ने शिक्षा दिएको छ । तसर्थ दिवसलाई औपचारिकतामै सिमित नराखी त्यसलाई वास्तविक लक्ष्य प्राप्ति गर्ने दिशामा सरकार र सम्बन्धित निकायले ध्यान दिन जरुरी छ ।

### Opinion @ Social Network

प्राय मौन रहने चिजहरू नै सबैभन्दा बढी आकर्षक लाग्छन्,
चाहे त्यो फुलेको फूल होस् या रातमा चम्किएको जुन ।
*(एलिषा आलेको फेसबुक स्टाटसबाट www.facebook.com/Alisha.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# के रास्वपाले खडा गर्ला विकासको कानूनी हाइवे ?



भूमिनन्द बराल

२५ फागुन २०८२ सम्मको राजनीतिक, प्रशासनिक र संवैधानिक विकासक्रमलाई सूक्ष्म रूपमा विश्लेषण गर्दा नेपाल एक अभूतपूर्व कानूनी र संरचनात्मक सङ्क्रमणको चौबाटोमा उभिएको देखिन्छ । ३ असोज २०७२ मा जारी भएको नेपालको संविधानले देशलाई एकात्मक र केन्द्रीकृत राज्यप्रणालीबाट सैंघ लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरण त गर्‍यो, तर संविधानले परिकल्पना गरेका तहगत संरचनाहरू (सै, प्रदेश र स्थानीय तह) लाई पूर्ण रूपमा क्रियाशील बनाउन आवश्यक पर्ने आधारभूत कानूनहरूको निर्माणमा विगतका सरकार र परम्परागत राजनीतिक दलहरू नराम्ररी चुकेको यथार्थ हामीमाझ छ । २०८२ सालको आम निर्वाचनमा बालेन्द्र शाह (बालेन) को नेतृत्वमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रतिनिधिसभाका २७५ सिटमध्ये १८२ सिटमा विजय हासिल गर्दै दुईतिहाइ नजिकको एकल बहुमत प्राप्त गरेपछि राजनीतिक परिदृश्यमा युगान्तकारी परिवर्तन आएको छ । २०८२ भदौमा युवापुस्ताले 'सामाजिक सञ्जालमाथिको प्रतिबन्ध र सुशासनको अभाव' लाई लिएर गरेको देशव्यापी आन्दोलन पश्चात् संसद् विघटन भएको कुरा जगजाहेर नै छ । यसै पृष्ठभूमिमा उदाएको रास्वपाको सरकारले अबको ५ वर्षभित्र २०७२ अघिका असान्दर्भिक कानूनहरूको परिमार्जन, संविधानबमोजिम बन्न बाँकी कानूनहरूको निर्माण र राज्यका तीनवटै अङ्गका कानूनहरू अद्यावधिक गर्नुपर्ने ऐतिहासिक अभिभारा बोकेको छ । यस आलेखमा २०७२ सालभन्दा अघिका र पछिका कानूनहरूको वर्तमान अवस्था र रास्वपाको 'वाचापत्र-२०८२' बमोजिम आगामी ५ वर्षभित्र गर्नुपर्ने कानूनी सुधारको सघन विश्लेषण प्रस्तुत गरिएको छ ।

**१.२०७२ अघिका कानून : सैंयता कार्यान्वयनका मुख्य तगारो**

नेपालको सैंयता कार्यान्वयनमा सबैभन्दा ठूलो नीतिगत तगारो वि.सं. २०७२ भन्दा अघिका, विशेषगरी पञ्चायतकालीन र २०४७ सालको संविधानको सेरोफेरोमा बनेका कानूनहरू हुन् । एकात्मक प्रणालीको केन्द्रीकृत मानसिकता बोकेका यस्ता कानूनले प्रदेश र स्थानीय तहको स्वायत्ततामाथि सिधै प्रहार गरेका छन् । नेपाल प्रहरी हालसम्म पनि वि.सं. २०१२ मा बनेको ६९ वर्ष पुरानो 'प्रहरी ऐन' द्वारा सञ्चालित छ । संविधानले शान्तिसुरक्षा र प्रादेशिक प्रहरी प्रशासनलाई प्रदेशको एकल अधिकार सूचीमा राखे तापनि सैंघ छाता ऐन नबन्दा प्रदेश सरकारहरूले आफ्नो प्रहरी संरचना परिचालन गर्न सकेका छैनन् । बागमती र मधेश प्रदेशले आफ्नै ऐन ल्याए पनि केन्द्रले प्रहरी समायोजन नगर्दा ती निष्क्रिय छन् । यसैगरी, प्रशासन संयन्त्र अझै २०४९ सालको 'निजामती सेवा ऐन' को पुरानै ढाँचामा चल्दा प्रादेशिक र स्थानीय तहमा कर्मचारीको चरम अभाव छ। जग्गा प्राप्ति ऐन (२०३४) र शिक्षा ऐन (२०२८) जस्ता पुराना कानूनले तल्लो तहको क्षेत्राधिकारलाई सङ्कुचित बनाएका छन् । पुराना ऐन परिमार्जन नहुँदा गण्डकी प्रदेशको गोरखकाली रबर उद्योग र भृकुटी कागज कारखाना जस्ता आयोजना अलपत्र छन् । रास्वपा सरकारले यी पुराना कानूनलाई खारेज वा आमूल परिमार्जन गरी संविधानको अनुसूची ५, ६, ७, ८ र ९ सँग तादात्म्य राख्ने नयाँ कानून निर्माण गर्नुपर्ने प्राथमिक आवश्यकता छ ।

**२.संविधानबमोजिम कानून निर्माणको कछुवा गति**

संविधान जारी भएको एक दशक बितिसक्दा पनि कार्यान्वयनका लागि आवश्यक दर्जनौं सैंघ कानून बन्न सकेका छैनन्। राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिको अध्ययन (जनवरी २०२५) ले कानूनी शून्यताको भयावह चित्र प्रस्तुत गरेको छ । कुल १५१ वटा नयाँ कानून वा विद्यमान कानूनमा व्यापक परिमार्जन आवश्यक रहेकोमा जुलाई २०२३ सम्म जम्मा १११ वटा कानून मात्र निर्माण भएका छन् । करिब ४० वटा पुराना ऐनलाई पूर्ण प्रतिस्थापन गर्नुपर्ने अवस्था छ भने ३९ वटा महत्त्वपूर्ण विधेयक विधायिकी प्रक्रियामै प्रवेश गरेका छैनन् । संविधानको धारा २५ (३) बमोजिम सम्पत्तिको हक र मुआब्जा, धारा १६६ बमोजिम घरबारविहीन नागरिकहरूको व्यवस्थापन, धारा ३१ को शिक्षाको हक र धारा ३५ को जनस्वास्थ्यका कानून अझै शून्यतामा छन्। २०८२ भदौमा संसद् विघटन हुँदा 'निजामती' र 'शिक्षा' विधेयक सहित ३८ वटा महत्त्वपूर्ण विधेयक निष्क्रिय हुन पुगेका थिए । प्रदेशका २१ वटा अधिकार कार्यान्वयन गर्न सैंघ सरकारले ३५ वटा कानून निर्माण गर्नुपर्नेमा अधिकांश बाँकी नै छन् । झट्ट हेर्दा कर्मचारीको दोष जस्तो देखिए पनि कानूनको अभावमा देशको विकास कछुवा झैं थलिएको छ । आगामी ५ वर्षमा रास्वपाले यी शून्य अवस्थामा रहेका विधेयकलाई तत्काल पारित गर्नुपर्नेछ।

**३.राज्यका तीन अङ्गका कानून र रास्वपाको पाँचवर्षे मार्गचित्र**

नेपालको प्रशासनिक र शासकीय सुधारका लागि रास्वपाले 'वाचापत्र-२०८२' र 'नागरिक करार' मार्फत अघि सारेका सुधारका खाकाहरू यसप्रकार छन्:

**३.१ कार्यपालिका अन्तर्गतका कानून**

सौर्य निजामती सेवा ऐन: कर्मचारीतन्त्रको आकार घटाउन ५५ वर्षे उमेर हद वा ३० वर्षे सेवा अवधिको प्रावधान लागू गरी करिब १० हजार कर्मचारीलाई अनिवार्य अवकाश दिइनेछ । योग्यतामा आधारित प्रशासनयन्त्र निर्माण गर्दै ट्रेड युनियनमा हुने राजनीतिक आबद्धता पूर्ण रूपमा खारेज गरिनेछ ।

सौर्य प्रहरी ऐन: पहिलो ६ महिनाभित्रै सैंघ प्रहरी ऐन पारित गरी प्रदेश प्रहरीको समायोजन सम्पन्न गरिनेछ । भ्रष्टाचार निवारण तथा सम्पत्ति शुद्धीकरण ऐन: २०४७ सालपछिका सार्वजनिक पद धारण गरेका व्यक्तिहरूको सम्पत्ति छानबिन गर्न उच्चस्तरीय आयोग गठन र अवैध सम्पत्ति राष्ट्रियकरण गरिनेछ ।सौर्य शिक्षा ऐन: शिक्षक र प्राध्यापकलाई राजनीतिमा लाग्न प्रतिबन्ध लगाइनेछ र माध्यमिक तहसम्म नि:शुल्क शिक्षा सुनिश्चित गरिनेछ । स्थानीय सरकार सञ्चालन ऐन: सबै स्थानीय सेवालाई डिजिटलाइज गर्न 'इ-गभर्नेन्स' को अनिवार्य प्रावधान थपिनेछ ।

**३.२ व्यवस्थापिका अन्तर्गतका कानून**

निर्वाचन सम्बन्धी ऐन: पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागू गर्ने, सांसदहरू मन्त्री बन्न नपाउने र 'प्रत्याह्वान' को अधिकारको व्यवस्था गरिनेछ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन: स्रोतको केन्द्रीकरण अन्त्य गर्दै प्रदेश र स्थानीय तहलाई कुल बजेटको ६० प्रतिशत विनियोजन गरिनेछ । जग्गा प्राप्ति तथा मुआब्जा ऐन: 'फास्ट ट्र्याक' परियोजनाका लागि 'सिङ्गल विन्डो' प्रणाली स्थापना र सुकुमवासी समस्या हजार दिनभित्र समाधान गरिनेछ । स्थानीय निर्वाचन कानून: स्थानीय तहका निर्वाचनलाई पूर्ण रूपमा दलीय प्रभावमुक्त बनाइनेछ ।

**३.३ न्यायपालिका अन्तर्गतका कानून**

न्यायपरिषद् र अदालत व्यवस्थापन कानून: योग्यतामा आधारित न्यायाधीश नियुक्ति सुनिश्चित गरिनेछ र अदालतको कामकारबाही प्रत्यक्ष प्रसारण गरिनेछ । सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन: अन्तर्राष्ट्रिय मापदण्ड र सर्वोच्च अदालतको फैसला अनुरूप द्वन्द्वपीडितलाई न्याय सुनिश्चित गरिनेछ ।

**४. कानून अभावका गम्भीर असरहरू**

कानून निर्माणमा भएको ढिलाइ प्राविधिक त्रुटि मात्र नभई शक्ति केन्द्रीकृत गरिरहने परम्परागत दलहरूको रणनीतिक हतियार थियो। यसका गम्भीर असरहरू देखा परेका छन् प्रदेशको आक्रोश : प्रहरी र प्रशासनको साँचो सिंहदरबारमै राख्ने प्रवृत्तिले प्रदेश सरकारहरू 'विना दाँतको बाघ' जस्ता भएका छन्, जसले सैंयताप्रति अविश्वास बढाएको छ । संस्थागत स्मरणको जोखिम: नयाँ निजामती कानून मार्फत एकैपटक १० हजार उच्च कर्मचारी बाहिरिंदा राज्य संयन्त्रले 'संस्थागत स्मरण' गुमाउने जोखिम रहन्छ । साथै, पेन्सनको ठूलो आर्थिक भार व्यवस्थापन गर्नु चुनौतीपूर्ण हुनेछ । विधिको शासनमा प्रहार: संसद्ले 'फौजदारी मुद्दामा ३ वर्षभन्दा बढी कैद सजाय भए मात्र सांसद निलम्बन हुने' जस्ता विरोधाभासपूर्ण कानून बनाउँदा भ्रष्टाचार निवारणको अभियान फितलो साबित भएको छ ।

**सरकारले तत्काल गर्नुपर्ने ५ कामहरू**

प्राप्त अभूतपूर्व जनमतलाई संस्थागत गर्न रास्वपाले निम्न कदम चाल्नुपर्नेछ: सम्पत्ति छानबिन: सरकार गठन भएको १५ दिनभित्र विज्ञ सहितको उच्चस्तरीय आयोग बनाई पहिलो चरणमा दोस्रो जनआन्दोलनपछिका र दोस्रो चरणमा २०४७ देखि २०६३ सम्मका अधिकारीहरूको सम्पत्ति छानबिन गर्ने काम शुरु भए पनि त्यो अझै सीमित छ । संविधान संशोधनको बहस: प्रत्यक्ष निर्वाचित कार्यकारी, पूर्ण समानुपातिक व्यवस्थापिका र गैरदलीय स्थानीय तहका लागि संविधान संशोधन गर्ने । यद्यपि, संविधानविद्हरूको सल्लाहबमोजिम पहिले निष्क्रिय कानूनहरूलाई पूर्णता दिएर मात्र संशोधनमा जानु बुद्धिमानी हुनेछ । आर्थिक र डिजिटल सुशासन: 'लाइन होइन, अनलाइन' अवधारणा अनुरूप डिजिटल हस्ताक्षरलाई कानूनी मान्यता दिने । वैदेशिक लगानी भित्र्याउन सहज कानून र गैरआवासीय नेपालीलाई विदेशबाटै मतदानको व्यवस्था गर्ने । सहकारी ठगीमा संलग्नको सम्पत्तिबाटै बचतकर्ताको रकम फिर्ता गराउने कडा कानून ल्याउने । सामाजिक न्याय: सीमान्तकृत र दलित समुदायमाथि भएको ऐतिहासिक विभेदप्रति राज्यले माफी माग्ने र स्रोतको न्यायोचित वितरण गर्ने कानूनी खाका निर्माण गर्ने ।

**कि गर, कि मरको अवस्था**

२५ फागुन २०८२ गतेसम्मको परिदृश्यले नेपालको सैंघ लोकतान्त्रिक गणतन्त्र संरचनात्मक रूपमा मात्र सीमित र सारमा केन्द्रीकृत नै रहेको प्रमाणित गर्छ। आजको दिनमा झन्डै ८०० भन्दा बढी पुराना कानूनलाई समयसापेक्ष बनाउन जरुरी भइसकेको छ भने देश विकासको कानूनी हाइवे निर्माण गर्न थप ६०० भन्दा बढी नयाँ कानूनको आवश्यकता छ । यसका साथै अदालतले प्रतिपादन गरेका नजिरहरूलाई कानून संशोधन गरी सम्बोधन गर्न बाँकी नै छ ।कानूनका छिद्रबाट बिचौलिया मौलाउने र तजबिजी निर्णयले समाजलाई त्रसित पार्ने अवस्थाको अन्त्य गर्न दुईतिहाइ बहुमत प्राप्त रास्वपा सरकारले आ्ना प्रतिबद्धताहरूलाई युद्धस्तरमा अगाडि बढाउनुको विकल्प छैन । रास्वपा आज कि गर, कि मरको ऐतिहासिक मोडमा उभिएको छ । यस्तो अवस्थामा पार्टी सङ्गठन सञ्चालन र संसदीय/सरकारको भूमिकालाई पूर्ण रूपमा अलग राखेर परिणाममुखी काम गर्नु नै रास्वपाको सफलताको कडी हुनेछ। सैंयताको सफल कार्यान्वयन, सुशासन र आर्थिक समृद्धिको त्रिकोणात्मक लक्ष्य हासिल गर्न यी कानूनी अद्यावधिकहरू नै 'नयाँ नेपाल' निर्माणका बलिया आधारस्तम्भ साबित हुनेछन् ।

***-अनलाइन खबर डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : घरमा खुसी बाँड्ने वातावरण बन्नेछ। मनमा रहेको चिन्ता विस्तारै कम हुँदै जानेछ।
**वृष** : बोल्दा भन्दा सुन्दा बढी लाभ हुने समय छ। बाटो खुल्ने संकेत देखिन्छ।
**मिथुन** : भविष्यप्रति ढुक्क बनाउनेछ। व्यवहारिक सोचले फाइदा दिलाउनेछ।
**कर्कट** : तपाईंको कामले राम्रो प्रभाव छोड्न सक्छ। आत्मबल बढ्दै जानेछ।
**सिंह** : अप्रत्याशित रूपमा भेटिन सक्छ। परिस्थितिलाई हेर्दा सही बाटो आफैं देखिनेछ।
**कन्या** : रमाइलो वातावरणमा समय बित्नेछ। मनमा नयाँ उमंग थपिनेछ।
**तुला**: आफूले गरेको प्रयासको मूल्य विस्तार देखिन थाल्नेछ। धैर्यले साथ दिनेछ।
**वृश्चिक** : दृष्टिकोण फराकिलो बन्नेछ। ठाउँ वा फरक अनुभवले मन तान्न सक्छ।
**धनु** : संयम राख्दा जटिल कुरा पनि सजिलै मिल्नेछ। आत्मविश्वास बढ्नेछ।
**मकर** : सानो सहयोगले पनि ठूलो राहत मिल्न सक्छ। दिन सन्तुलित रहनेछ।
**कुम्भ** : आराम दिने समय निकाल्नु राम्रो हुनेछ। सन्तोषको अनुभूति रहनेछ।
**मीन** : आत्मबल बलियो रहनेछ। कार्यकुशलता गर्ने सुनौलो अवसर मिल्नेछ।

# शिक्षा

## तीन वर्षमा एक लाख ६४ हजार विद्यार्थी गायब



सरकारलाई विद्यालय शिक्षा प्रणालीमा विद्यार्थी टिकाउनै हम्मेहम्मे परेको छ । पछिल्लो तीन वर्षमा माध्यमिक तहबाट एक लाख ६४ हजार विद्यार्थी गायब भएका छन् । आर्थिक सर्वेक्षण २०८१ अनुसार शैक्षिक वर्ष २०८१ मा आधारभूत तहमा ५४ लाख ६५ हजार विद्यार्थी अध्ययनरत रहँदा सोही वर्ष उच्च शिक्षा (विश्वविद्यालय तह) मा भर्ना हुने विद्यार्थीको सङ्ख्या जम्मा ७ लाख १० हजार ६ सय ९४ मात्रै छ । यसरी आधारभूत तहमा भर्ना भएका कुल विद्यार्थीमध्ये झन्डै ८७ प्रतिशत विद्यार्थी उच्च शिक्षाको ढोकासम्म नपुग्दै बिचमै शिक्षा क्षेत्रबाट बाहिरिने गरेको पुष्टि हुन्छ । माध्यमिक तह (कक्षा ९-१२) मा पछिल्लो तीन वर्षमा निरन्तर घट्दो क्रममा पाइएको छ । शैक्षिक वर्ष २०७९ मा माध्यमिक तहमा १८ लाख ३० हजार विद्यार्थी भर्ना भएकोमा शैक्षिक वर्ष २०८० मा घटेर १७ लाख ७१ हजार र शैक्षिक वर्ष २०८१ मा आइपुग्दा थप खुम्चिएर १६ लाख ६६ हजारमा सीमित भएको छ । पछिल्लो तीन वर्षमै माध्यमिक तहबाट मात्रै झन्डै ८.९६ प्रतिशत अर्थात् १ लाख ६४ हजार विद्यार्थी घटेका छन् । सरकारले विद्यालय शिक्षामा गर्ने प्रतिविद्यार्थी खर्च शैक्षिक वर्ष २०७९ को तीन हजार ४९० बाट बढाएर २०८१ मा चार हजार ६४१ पुर्‍याए पनि विद्यार्थी टिकाउने दरमा भने सुधार आउन सकेको देखिँदैन ।

शैक्षिक वर्ष २०८१ को उच्च शिक्षामा ७ लाख १० हजार ६९४ जना भर्ना भएका थिए । देशभर आधारभूत विद्यालय ५८ हजार आठ सय १७ र माध्यमिक विद्यालय सात हजार एक सय २१ वटा छन् । सरकारले सामुदायिक विद्यालयको गुणस्तर सुधार्न विभिन्न प्रदेशका सामुदायिक विद्यालयमा कक्षा ५ देखि ८ सम्म अध्ययनरत विद्यार्थी तथा शिक्षक विद्यार्थी आदानप्रदान कार्यक्रम सञ्चालन गर्ने योजना बनाएको छ । सरकारले शिक्षा क्षेत्रमा २ खर्ब १८ अर्ब ३० करोड रुपैयाँ बजेट विनियोजन गरेको छ । गत असार ९ गते राष्ट्रिय तथ्याङ्क कार्यालयले नेपाल शिक्षण संस्था सर्वेक्षण २०८१ को प्रतिवेदन सार्वजनिक गर्‍यो । सर्वेक्षणको नतिजा अनुसार सरकारी स्वामित्वबाहेकका शिक्षण संस्थाहरूमा विद्यार्थीहरूको मुख्य हिस्सा विद्यालय तह (पूर्वप्राथमिक तह, आधारभूत तह र माध्यमिक तह) मा रहेको पाइएको छ । सरकारी स्वामित्वबाहेकका शिक्षण संस्थाहरूमा शैक्षिक सत्र २०८०-८१ मा पूर्वप्राथमिक तहदेखि उच्च शिक्षासम्म गरी कुल ३७ लाख ४१ हजार विद्यार्थी अध्ययनरत रहेको पाइएको छ । सरकारी स्वामित्वबाहेकका शिक्षण संस्थाहरूमा पूर्वप्राथमिक तहमा करिब ९ लाख ३२ हजार, आधारभूत शिक्षामा झन्डै १८ लाख ६४ हजार, माध्यमिक तह (कक्षा ९-१२) मा करिब ४ लाख ९१ हजार, विद्यार्थी रहेको देखिन्छ । यो तथ्याङ्कले पनि माध्यमिक तहमा चार लाख ४१ हजार विद्यार्थी गायब भएको पुष्टि हुन्छ । सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालयले माध्यमिक तहमा विद्यार्थी छोड्ने दर घटेको स्वीकार गरेको छ । मन्त्रालयका प्रवक्ता लोकेन्द्र प्रसाद भट्टले बसाइसराइ र जनसङ्ख्या वृद्धिदर घटेका कारण पनि विद्यार्थीले पढाइ छोड्ने दर बढेको बताए । उनले भने, 'स्वाभाविक रूपमा बच्चा जन्मिने दर घटेको छ । कतिपय सैँय राजधानी गएर पनि पढ्नुहुन्छ । विगतका वर्षहरूमा इएमआइएस सिस्टम (शैक्षिक व्यवस्थापन सूचना प्रणाली) चुस्तदुरुस्त थिएन । त्यसकारणपनि रेकर्ड कहिलेकाहीँ विद्यार्थी घटबढ भएको देखिन्थ्यो ।' सुदूरपश्चिम प्रदेशमा माध्यमिक तहमा ६ हजार विद्यार्थी गायब भएको देखिन्छ । शैक्षिकसत्र २०८१ मा एक लाख ८१ हजार ४७२ विद्यार्थी भर्ना भएकोमा शैक्षिक सत्र २०८२ मा एक लाख ७४ हजार ८६३ विद्यार्थी भर्ना भएको मन्त्रालयले जनाएको छ । यसरी हेर्दा ६ हजार ६०९ विद्यार्थी गायब भएको पुष्टि हुन्छ । शैक्षिकसत्र २०८० मा छात्र ९४ हजार ३० र छात्रा ९८ हजार १८ भर्ना भएका थिए । मन्त्रालयका प्रवक्ता भट्टले विद्यालयको गुणस्तर सुधार गर्न प्रत्येक निर्वाचन क्षेत्रबाट एक विद्यालय छनौट गरी २० लाख रुपैयाँ बजेट उपलब्ध गराइएको बताए । उनले भने, 'प्रदेशले विद्यालय शिक्षाका लागि पर्याप्त लगानी गर्न नपाएको यथार्थ हो, तर कार्यक्रमलाई निरन्तरता दिएका छौँ । बाल विकास शिक्षकलाई पनि तालिम दिएका छौँ । विद्यालय पूर्वाधारमा पनि जोड दिएका छौँ ।' सुदूरपश्चिम प्रदेशको साक्षरतादर ७६.२ प्रतिशत छ । मधेस प्रदेशमा पनि विद्यालय छोड्ने दर उच्च छ । मधेस प्रदेश शिक्षा तथा संस्कृति मन्त्रालयका प्रवक्ता उज्वल पोखरेलले माध्यमिक तहमा 'ड्रप आउट स्टुडेण्ट' रोक्न सघन रूपमा छलफल चलिरहेको बताए । उनले भने, 'आधारभूत तहमा विद्यार्थी टिक्छन, तर माध्यमिक तहमा विद्यालय छोड्ने दर बढेको यथार्थ हो । १० कक्षा उत्तीर्ण गरेकालाई रोजगारीसँग जोड्न सिपमूलक तालिम कार्यक्रम पनि अघि बढाएका छौँ ।' प्रवक्ता पोखरेलले विद्यालय शिक्षामा अनिवार्य तथा निःशुल्क शिक्षा ऐनलाई प्रभावकारी कार्यान्वयनमा आफूहरू केन्द्रित रहेको बताए । मधेस प्रदेशका कुनै पनि जिल्ला साक्षर हुन सकेका छैनन् । मधेस प्रदेशको साक्षरता दर ६३.५ प्रतिशत छ । प्रवक्ता पोखरेलले साक्षर मधेस घोषणाका लागि केन्द्रित भएर काम भइरहेको भन्दै यसका लागि स्थानीय तह र सै सरकारको सहयोग चाहिने बताए । कर्णाली प्रदेशमा पनि गरिबी, बसाइसराई घट्दो जनसङ्ख्या लगायतका कारण विद्यालय छोड्ने दर बढेको छ । कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालय, शैक्षिक विकास महाशाखाका अधिकृत वलवीर सुनारले गुणस्तरीय शिक्षाको खोजीमा पनि प्रदेश छोडेर अन्यत्र जाँदा माध्यमिक तहमा विद्यार्थी घटेको देखिएको बताए । उनले भने, 'कक्षा ९, १० सम्म त पढ्नुहुन्छ । कक्षा ११, १२ मा पुग्दा कतिपय बाल विवाहका कारण पनि पढाइ छोडेको देखिन्छ । यसलाई रोक्न अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्छौं । साथै विद्यालय छोड्ने कारण पहिचान गर्न विकास साझेदार संस्थाहरूले पनि सहयोग गरिरहनुभएको छ । धेरैजसो छात्राहरूको ड्रप आउटदर बढी छ ।' विपन्न परिवारका किशोर किशोरीहरू विशेष गरी कक्षा ९ देखि १२ सम्म पुग्दा परिवारको जीविकोपार्जनका लागि आर्थिक रूपमा सहयोग गर्नुपर्ने दबाबमा हुने भएकाले पछि विद्यालय छोड्ने दर बढेको सरोकारवा बताउँछन् । शिक्षाविद् डा. विद्यानाथ कोइरालाले विद्यालयमा विद्यार्थी टिकाउन शिक्षक र स्थानीय तह जिम्मेवार हुनुपर्ने बताए । अहिले पनि बालबालिकालाई घोकन्ते शिक्षा दिइएको भन्दै शिक्षालाई उत्पादनसँग जोड्न सके विद्यार्थी गायब हुने दर घट्ने उनले प्रस्ट पारे । कोइरालाले भने, 'विद्यार्थीलाई पढ्ने कला दिएनौँ । शिक्षणका क्रममा कमाउने कुरा दिएनौँ । कक्षालाई प्रविधिसँग जोड्न सकेनौँ । किताब र मोबाइललाई जोड्न पनि सकेनौँ । साथै हाम्रा पुर्खाको ज्ञानलाई आधुनिकीकरणसँग जोड्न सकेनौँ । त्यही भएर पनि विद्यार्थी अहिले शिक्षण सिकाइमा रुचि राख्दैनन् ।' उनले शिक्षकले शिक्षण गर्ने तरिका बदल्नुपर्ने भन्दै किताबमात्रै पढाउँदा विद्यार्थीले नपढेको बताए । उनले भने, 'अनिवार्य तथा निःशुल्क शिक्षाको ग्यारेन्टी स्थानीय तहले गर्नुपर्छ । गुणस्तरको ग्यारेन्टी शिक्षकले दिनुपर्छ ।' शक्षा तथा खेलकुद मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले विद्यार्थी टिकाउन सरकार जिम्मेवार रहेको बताए । उनले भने, '१० कक्षा उत्तीर्ण गरेका ६५ देखि ६८ हजार विद्यार्थीहरू सीटीइभीटीतिर जानुहुन्छ । १० कक्षा पछि विद्यार्थी बाँडिन्छन् । अर्को कुरा, कतिपय श्रम बजारमा पनि जाने गरेका छन् ।' प्रवक्ता सापकोटाका अनुसार विद्यार्थी सङ्ख्या बढाउन विद्यालय प्रवेशमा ब्यारियर सिर्जना गर्नुहुँदैन । शुल्कको हिसाबले पनि सहज हुनुपर्ने उनले बताए । कक्षा ११ र १२ को पाठ्यक्रम समय सान्दर्भिक हुनुपर्नेमा उनले जोड दिए । सरोकारवालाहरूले परम्परागत शिक्षण शैली, व्यावहारिक शिक्षाको अभाव, कक्षाकोठालाई प्रविधिसँग जोड्न नसक्नु लगायतका कारण विद्यार्थीहरूमा शिक्षण सिकाइप्रति आकर्षण घट्दो रहेको बताउँछन् । *-रातोपाटी डटकम*

## प्रतिभा प्रस्फुटनले सङ्घीयताप्रति बलियो बनाउँदै विद्यार्थीको बुझाइ



प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गराउनु पनि विद्यालय शिक्षाको कार्यभारभित्र पर्छ । नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालयमातहतको पाठ्यक्रम विकास केन्द्र, भक्तपुरले जारी गरेको 'विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ (दोस्रो संस्करण, २०७९)' ले निर्धारण गरेका १२ उद्देश्यको दोस्रो बुँदामा 'राष्ट्र र राष्ट्रियताको निर्माणमा सहयोगी लोकतान्त्रिक मूल्य, मान्यताप्रति प्रतिबद्ध, स्वाभिमानी, नैतिकवान तथा सांस्कृतिक सभ्यताबोध भएका, चरित्रवान, नेतृत्वदायी एवं जिम्मेवार नागरिक तयार गर्ने' समावेश गरिएको छ । साथै 'रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सीप भएका साक्षर र नैतिक सचेतना निपूण र नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा विशिष्टताहरूको संरक्षण, सम्बर्द्धन र विकासतर्फ अभिमुखीकृत भएको नेपालको इतिहास, संस्कृति, सभ्यता एवं मानव र जीवनोपयोगी मौलिक ज्ञान भएका नागरिक तयार गर्ने' पनि प्रारूपको उद्देश्य छ । नेपाली जनताको लामो सैर्ष र बलिदानबाट प्राप्त सैँय लोकतान्त्रिक गणतन्त्र, बहुदलीय प्रतिस्पर्धा र विकासका चाहना पूरा गर्न स्थानीय सरकारसँग भएका अवसर र चुनौतीबारे विद्यालय तहमा यो एउटा बहसको क्षण पनि बन्यो । 'सौर्यतामा स्थानीय सरकार' विषय रहेको प्रतियोगितामा सहभागी विद्यार्थीले नेपालकोसौर्य शासन व्यवस्थाभित्र संविधानले व्यवस्था गरेअनुसार नागरिकलाई नजिकबाट सेवा प्रवाह गर्न र स्थानीय आवश्यकताअनुसार विकास योजना निर्माण गर्न तथा जनसहभागिता बढाउन स्थानीय सरकारले महत्त्वपूर्ण भूमिका खेलेको विषयमा धारा प्रवाह धारणा दिएका छन् । प्रतियोगिताका क्रममा विद्यार्थीले स्थानीय सरकारलाई लोकतन्त्रको आधारस्तम्भका रूपमा चित्रण गर्दै शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार तथा सामाजिक विकासका क्षेत्रमा स्थानीय सरकारले गर्दै आएको कामबारे आफ्ना सशक्त विचार प्रस्तुत गरेर जनप्रतिनिधि, कर्मचारी र शिक्षकलाई समेत प्रफुल्ल तुल्याएका छन् । प्राप्त स्रोत सामग्री र शिक्षकले गराइदिएको तयारीका आधारमा विद्यार्थीहरूको प्रस्तुति कुनै सक्षम विषय शिक्षकको भन्दा कम थिएन । प्रस्तुति कलाका हिसाबले त त्योभन्दा बढी थियो, जसले ती प्रतिस्पर्धी विद्यार्थीहरू भोलिका दिनमा बहुमुखी प्रतिभावान् हुन सक्ने र नेतृत्व क्षमतामा गणनायोग्य हुन सक्ने आकलन गर्न सकिन्छ । सौर्यताले सिंहदरबारको अधिकार गाउँगाउँसम्म पुर्‍याएको सन्दर्भदेखि निर्णय प्रक्रियामा नागरिकको पहुँच बढाएको तथा स्थानीय समस्याको स्थानीयस्तरमै समाधान खोज्न सहज बनाएको बारे उदारणसहित ती प्रतिस्पर्धी विद्यार्थीहरूले आफ्ना बलियो बुझाइ अभिव्यक्त गरेका थिए । उनीहरूले सैँयता र स्थानीय सरकारको एकोहोरा प्रशंसामात्र गरेनन्, स्थानीय सरकारको प्रभावकारी सञ्चालन, पारदर्शिता, जवाफदेहिता र थप नागरिक सहभागिताको आवश्यकता परिपूर्तिका लागि अझ मिहिनेत गर्न पनि सुझाएका छन् । सैँयता सफल बनाउन नागरिक सचेतना, सुशासन र विकासप्रति सबै पक्षको साझा प्रतिबद्धता आवश्यक रहेको तार्किक धारणा पनि प्रतियोगितामा आएको थियो । किस्पाङ गाउँपालिकाभित्रका विद्यार्थीहरूमा निहीत सिर्जनशीलता, प्रतिभा, नेतृत्व क्षमता र अभिव्यक्ति कलाको पहिचान तथा विकास गर्ने उद्देश्यले पहिलोपटक नुवाकोटको 'किस्पाङ प्रतिभाको खोजी कार्यक्रम, २०८३' सञ्चालन गरिएको हो । विद्यालय तहका विद्यार्थीमा अतिरिक्त क्रियाकलापमा सक्रिय बनाउने र उनीहरूमा रहेको अन्तरनिहित प्रतिभालाई उजागर गर्न मञ्चीय अवसर प्रदान गरी प्रतियोगी भावना विकास गराई प्रोत्साहन गर्न यो कार्यक्रम आयोजना गरिएको गाउँपालिकाले जनाएको छ । बालबालिकाहरूको बौद्धिक, सिर्जनात्मक र कलात्मक क्षमता उजागर गर्दा नियमित अध्ययनमा समेत सकारात्मक योगदान मिल्ने अपेक्षासहित गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत यो कार्यक्रम आयोजना गरिएको हो । गाउँपालिका-३ काहुलेस्थित ऐसेलु भूमे माध्यमिक विद्यालयको सभाकक्षमा आयोजना गरिएको प्रतियोगितामा गाउँपालिकाका अधिकांश सामुदायिक र संस्थागतका साथै एक मात्र बहुप्राविधिक विद्यालयका छानिएका विद्यार्थी प्रतिभाहरूको सक्रिय सहभागिता थियो । 'किस्पाङ प्रतिभाको खोजी कार्यक्रम'को पहिलो दिन यही असार ३ गते लोकनृत्य प्रतियोगिता तथा दोस्रो दिन वकृत्वकला र चित्रकला प्रतियोगिता आयोजना गरिएको थियो । 'सौर्यतामा स्थानीय सरकार' शीर्षकको वकृत्वकला प्रतियोगितामा किस्पाङ बहुप्राविधिक शिक्षालयका राधिका रैला प्रथम, ऐसेलु भूमे माध्यमिक विद्यालयका लक्ष्मी विक द्वितीय र ज्ञानज्योति माध्यमिक विद्यालयका पूजा तामाङ प्रथम भए । त्रिभुवन विश्वविद्यालयको नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व विभाग केन्द्रीय विभागका पूर्वप्रमुख प्राडा सोमप्रसाद खतिवडा नेतृत्वको निर्णायक समिति रहेको वकृत्वकला प्रतियोगिताका विजयी विद्यार्थी छनोट गरेको थियो । प्रथम, द्वितीय र तृतीयलाई क्रमशः रु १० हजार, रु आठ हजार र रु छ हजार पुरस्कार प्रदान गरियो। राष्ट्रिय कलाकारहरू वैकुण्ठ महत, याम गुरुङ, दिपेश माझी र चन्द्रा सारु मगर लगायतका अप्रतियोगी नृत्य, गीत र सङ्गीत प्रस्तुतिबाट शिक्षक-विद्यार्थीमा थप मनोरञ्जन र बौद्धिक खुराक प्रदान गरिएको थियो । वक्तृत्वकला प्रतियोगितामा प्रथम स्थान हासिल गरेका किस्पाङ बहुप्राविधिक शिक्षालयका राधिका रैलाले आफू अतिरिक्त क्रियाकलापमा पहिलादेखि लागे पनि यसस्तरको प्रतियोगितामा यसरी पुरस्कृत हुन पाउँदा खुसी मिलेको बताए । उनले नियमित अध्ययनका साथै वक्तृत्वकला छोटो समयको आफ्नो अभ्यास र शिक्षकहरूको उत्प्रेरणाका कारण आत्मविश्वासका सबैका सामुन्ने विषयवस्तुमा प्रस्तुति दिन सकिएको प्रतिक्रिया दिए । वक्तृत्वकला प्रतियोगिताको निर्णायक समितिका संयोजक प्राडा खतिवडाले प्रतियोगितामा सहभागी विद्यार्थीको सङ्ख्या तथा विधाहरू थप विस्तार गरी बढीभन्दा बढी प्रतिभालाई अवसर प्रदान गर्दै आगामी दिनमा वातावरण, संस्कृति, इतिहास, सम्पदा, पर्यटन, ग्रामीण विकास आदिबारे हाजिरीजवाफ, निबन्ध, कथा, कविता लेखन कार्यशाला तथा प्रतियोगिताजस्ता कार्यक्रम गर्न सकिने आग्रह गरे । कार्यक्रम आयोजना गर्दा खुला र ठूलो स्थानमा स्थानीयवासी समेतको उपस्थितिमा भव्यपूर्वक उत्सवका गरिए विद्यार्थी प्रतिभाहरू थप उत्साहित हुने उनको भनाइ छ । डा. खतिवडाले यस्ता कार्यक्रमले पाठ्यक्रम र पाठ्यपुस्तकले तोकेको लक्ष्यहरू पूर्ति गर्नसमेत प्रत्यक्ष मद्दत मिल्ने उल्लेख गर्दै प्रतियोगीहरूलाई विद्यालयस्तरमै पूर्वतयारी तथा प्रशिक्षणका कार्यक्रम सञ्चालन गर्न शिक्षकहरूले थप समय दिई घोकन्ते शैलीभन्दा स्वतः स्फूर्त प्रस्फुटनको वातारण बनाउनुपर्ने बताए । उनले गाउँपालिकास्तरमा उत्कृष्ट प्रतिभाहरूलाई जिल्ला, प्रदेश तथा राष्ट्रियस्तरका प्रतियोगितामा सहभागी गराउन गाउँपालिका, सम्बन्धित विद्यालय र व्यवस्थापन पक्षले थप ध्यान दिनुपर्ने बताए । किस्पाङ गाउँपालिकाका उपाध्यक्ष अर्जुनप्रसाद न्यौपाने प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्म गुणस्तरीय शिक्षा दिने र हरेक विधामा प्रतिभाहरूको पहिचान, प्रोत्साहन र राष्ट्रियकरणका लागि यस प्रकारको कार्यक्रम आयोजना गरिएको बताउँदै विद्यार्थीको प्रतिभाको उजगार र प्रोत्साहन हुने यस प्रकारको कार्यक्रमलाई आगामी वर्षहरूमा पनि नियमित रूपमा सञ्चालन गरिनुपर्छ भन्ने सुझाव मनन गरिने प्रतिबद्धता व्यक्त गरे। प्रतियोगितामार्फत विद्यार्थीहरूमा स्वस्थ प्रतिस्पर्धाको भावना विकास हुनुका साथै कला, साहित्य र बौद्धिक गतिविधिप्रति रुचि बढाउन सहयोग पुगेको उनको भनाइ छ । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केदारप्रसाद खतिवडाले सामाजिक चेतनाको विस्तारका साथै विद्यार्थीमा लुकेर रहेका प्रतिभाको उजगार गर्न यस्ता कार्यक्रमले महत्त्वपूर्ण टेवा दिएको बताउँदै विद्यालय शिक्षाका लगानीको प्रतिफल खोज्नु चुनौतीपूर्ण भएका बेला विद्यालयमा लुकेर रहेका प्रतिभाहको खोजीको थालनी एक महत्त्वपूर्ण आयाम बन्ने जनाए । कार्यक्रमले किस्पाङ गाउँपालिकाभित्र रहेका प्रतिभाशाली विद्यार्थीहरूको पहिचान, संरक्षण र प्रवर्द्धन गरेको छ । भविष्यमा यस्ता कार्यक्रमहरूलाई अझ व्यवस्थित, व्यापक र प्रभावकारी रूपमा सञ्चालन गर्न सकेमा स्थानीयस्तरमा रहेका प्रतिभाहरूको विकास तथा सर्वाङ्गीण शैक्षिक उन्नयनमा थप टेवा पुगेको उनीहरूको भनाइ थियो । *-रासस*

# रेसुंगा नगर सरकारद्वारा उत्कृष्ट उद्यमी पुरस्कृत



**गुल्मी,** असार १४/जिल्लाको रेसुंगा नगर सरकारले उत्कृष्ट उद्यमीलाई पुरस्कृत गरेको छ । उसले उत्कृष्ट १० उद्यमीलाई पुरस्कृत गरेको हो ।

उत्कृष्ट मध्ये एक जना उद्यमीलाई नगद १ लाख र अन्य नौं जनालाई ६० हजार रुपैयाँसहित पुरस्कृत गरिएको रेसुंगा नगरपालिकाले जनाएको छ । एक नम्बर उद्यमीका रूपमा विनोद कृषि फर्मका विनबहादुर कुँवरलाई पुरस्कृत गरिएको छ । उनलाई नगरपालिकाले नगद १ लाख रुपैयाँसहित पुरस्कृत गरेको हो । अन्य पुरस्कृत उद्यमीहरुमा रेसुंगा कृषि तथा पशुपंक्षी फर्मका केशव रजाली, लक्ष्मी लक्ष्मण कृषि फर्मका मुक्तिनाथ पन्थी क्षेत्री, अर्जुन रेसुंगा मल्टी एग्रो एण्ड टुरिजमका भविन्द्र घर्तीमगर, कृष्ण कृषि उत्पादन फर्मका कृष्णबहादुर बस्नेत, रेसुंगा कृषि पशुपंक्षी तथा मौरीपालन फर्मका विष्णुमाया श्रीस, भगवती कृषि तथा पशुपंक्षी फर्मका चुराबहादुर जोगी कुँवर, थापा व्यावसायिक तरकारी फर्मका लिलबहादुर थापा, न्यु रेसुंगा जडीबुटी प्रशोधन केन्द्रका झविन्द्रलाल भण्डारी र गोपाल तरकारी घुम्टी फर्मका गोपाल नेपाली रहेका छन् । उनीहरुले नगद ६० /६० हजार प्राप्त गरेका छन् । उद्यमी व्यवसायीलाई वृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्द्धनका लागि दायित्वसँगको सहकार्यमा कार्यक्रम सञ्चालन भएको थियो । दायित्वको सहकार्यमा १ सय ८० दिन अन्तर्गतको 'मिसन रोजगारी' तीन चरण सञ्चालन भएको हो । १ सय ३७ आवेदनमध्ये जम्मा ४० व्यावसायिक फर्म लाभान्वित भएका छन् । जसमा ४० उद्यमीलाई सक्षमीकरण, त्यसैबाट छनोट २० उद्यमीलाई स्तरीकरण र त्यसैबाट छनोट १० उद्यमीलाई स्तरोन्नतिअन्तर्गत पुरस्कार वितरण गरिएको हो । नगर प्रमुख खिलध्वज पन्थीले रोजगारी सिर्जना गर्नुपर्छ भन्ने सबैको साझा उद्देश्य र बुझाइका कारण दायित्वसँगको सहकार्यमा कार्यक्रम भित्र्याएको बताए । सोही कार्यक्रमभित्र रहेर उद्यमीहरुलाई सम्मान गरिएको उनको भनाई छ ।

## आज असार पन्ध्र...

...कामको चटारोले थकित भएका किसान शक्तिप्राप्तिका लागि दही चिउरा खान्छन् । दही चिउराले शरीरमा शीतलता भई शक्ति सञ्चय हुने विश्वास गरिन्छ । जिल्लाका सबैजसो स्थानमा रोपाइँ भइरहेको छ । बाँझो रहेका, पानीको पर्याप्त सुविधा भएका जमिन तथा खोलाखेतमा रोपाइँ भइरहेको कृषिज्ञान केन्द्र पाल्पाले जनाएको छ । जिल्लामा असारको पहिलो हप्ताबाट नै धान रोपाइँ भएको हो । यतिबेला जिल्लाका अधिकाश ठूला ठूला फाँटहरुमा किसानहरु रोपाइँमा व्यस्त भएका छन् । 'मानो छरेर मुरी उब्जाउने' समय भएकाले पनि जिल्लाका किसानहरुलाई भ्याई नभ्याई भएको हो । यहाँका अधिकांस स्थानका किसानहरुले आधुनिक कृषियन्त्रहरुको प्रयोग गरेका छन् । यहाँका ठूला फाँटहरु रामपुर, झडेवा, माँडी, कचल, अर्गली, हुंगी, सर्देवा, छेर्लुङ्ग चहला फाँटहरुमा प्रशस्त मात्रामा धान खेती हुने गरेको छ । जिल्लाको ८ हजार ६ सय २० हेक्टरमा धान खेति हुने गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ । कुनै बेला असार लागेसँगै असारे गीतहरु गुञ्जायमान हुने पाल्पा र गुल्मीका फाँटहरुमा पछिल्लो समय धान रोपाइँमा देखिने मौलिक गीत गाउने संस्कृति भने हराउँदै गएको छ । परम्परागत कृषि प्रणाली हराउदै जाँदा रोपाइँको रौनक नै हराउदै गएको हो । केही वर्ष अघिसम्म वर्षायाम सुरु भएसंगै हलो, जुवा, हलगोरु, बाउसे र रोपाहारहरु खेतमा हुँदा रोपाइँको चहलपहल रहे पनि अहिले यो विस्तारै हराउँदै गएको हो । बढ्दो आधुनिकीकरण र युवा पुस्ता विदेश पलायन भएपछि खेतमा धान रोपाइँका लागि हलोजुवा, हल,गोरु र बाउसेको अभाव देखिएको किसानहरु बताउँछन् । छङ्छङ् बगेको वर्षे भेल, खोल्साखाल्सी सुसाएर निस्केको आवाज, छहरा पहराको हरियालीले रोपाँइको समय सम्झाउँछ ।

## गुल्मीमा स्थानीय जातका...

...अहिले गाउँघरमा स्थानीय जातका गाई भेटाउन मुस्किल छ, गोबर र गौमूत्र खोज्न टाढा जानुपर्ने बाध्यता छ । वडाले दिएको यो स्याहार भत्ताले गाई जोगाउनका लागि थोरै भए पनि हौसला मिलेको छ", स्थानीय नरबहादुर विष्टले भने ।स्थानीय गाई केवल दूधका लागि मात्र नभई गाउँको संस्कृति, धार्मिक आस्था र कृषि प्रणालीसँग जोडिएको जानकारहरू बताउँछन् । अहिले स्थानीयतहले गाई संरक्षण कार्यक्रम अघि बढाउँदा किसान पनि उत्साहित बनेका छन् । वडाध्यक्ष चन्दले स्थानीय गाई संरक्षण गर्नुपर्ने पाका पुस्ताको मागअनुसार यस्तो कार्यक्रम सुरु गरिएको बताए । "गाई हाम्रो मौलिक सम्पत्ति हो, यसको संरक्षणका लागि किसानलाई प्रोत्साहन गर्न स्याहार भत्ता वितरण सुरु गरेका हौं, आउँदा वर्ष पनि यस कार्यक्रमलाई निरन्तरता दिने हो", उनले भने । स्थानीय गाईको दूध, गोबर र गौमूत्र मानव स्वास्थ्य, जैविकखेती तथा धार्मिक कार्यका दृष्टिले महत्वपूर्ण मानिन्छ । हिन्दू परम्परामा गाईलाई लक्ष्मीको प्रतिकका रूपमा पूजा गर्ने चलने छ । जन्मदेखि मृत्युसम्मका विभिन्न धार्मिक संस्कारमा गाईबाट प्राप्त वस्तुको प्रयोग हुने भएकाले यसको संरक्षण धार्मिक तथा सांस्कृतिक रूपमा पनि उत्तिकै आवश्यक रहेको स्थानीयको भनाइ छ । स्थानीयतहले थालेको यो अभियानले किसानलाई आर्थिक प्रोत्साहनसँगै लोप हुँदै जान थालको परम्परा र संस्कृतिको संरक्षण तथा सम्वर्द्धनमा थप टेवा पुग्ने स्थानीय राधा कुँवरले बताए । यसलाई संरक्षण र प्रवर्द्धन गर्न सबैले सहकार्य र समन्वय गर्नुपर्नेमा उनले जोड दिए ।

*---रासस*

## खेलकुद समाचार

### केप भर्डे : विश्वकपको नकआउटमा इतिहास



**काठमाडौं,** असार १४/फिफा विश्वकप २०२६ मा मात्र पाँच लाख जनसंख्या भएको सानो टापु देश केप भर्डे पनि नकआउट चरणमा पुगेको छ । समूह 'एच' को उपविजेताको रूपमा नकआउट चरणमा प्रवेश गरेको केप भर्डे विश्वकप इतिहासमै नकआउट चरणमा पुग्ने सबैभन्दा सानो देश बनेको छ । एट्लान्टिक महासागरमा रहेका १० वटा टापुहरूको समूहबाट प्रतिनिधित्व गर्ने यो टोलीले अन्तिम ३२ मा साबिक विजेता अर्जेन्टिनासँग प्रतिस्पर्धा गर्ने अवसर पाएको छ । यस प्रतियोगितामा केप भर्डेले पाँच पटकको अफ्रिकी च्याम्पियन क्यामरुनलाई छनोटमा पछि पार्दै विश्वकप खेल्ने अवसर पाएको हो । यस्तै विश्वकप प्रतियोगीतामा स्पेनसँग गोलरहित र उरुग्वेसँग दुई/दुई गोलको बराबरी खेल्यो । स्पेनसँग अविश्वसनीय गोलरहित बराबरी खेल्दा गोलरक्षक ४० वर्षीय भोजीन्हा नायक बनेका थिए । अब केप भर्डेको अघि ठूलो चुनौती आएको छ, लियोनेल मेस्सी सहितको आर्जेन्टिना । तर खेल विश्लेषकहरु भन्छन्, फुटबलमा जे पनि सम्भव छ ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# देशभर १२ प्रतिशत रोपाइँ



**पाल्पा,** असार १४/देशभर १२ दशमलव ७ प्रतिशतमात्र धान रोपाइँ सकिएको छ । बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रको तथ्यांकअनुसार असार १२ सम्म उक्त प्रतिशत क्षेत्रमा रोपाइँ सकिएको हो ।

देशभरमा धानखेती हुने जमिन १३ लाख ८२ हजार २ सय ६२ हेक्टर रहेको छ । यसमध्ये हालसम्म १ लाख ६६ हजार ९ सय ३ हेक्टरमा मात्रै रोपाइँ भएको हो । गत वर्ष यो समयमा कुल खेतीयोग्य जमिनको १५ दशमलव ६२ प्रतिशत धान रोपाइँ सकिएको थियो । यो वर्ष जलवायु परिवर्तनको प्रभावले मनसुन सुरु भए पनि सक्रिय नहुँदा धान रोपाइँ कम भएको केन्द्रले जनाएको छ । धानखेतीका लागि प्राप्त सिँचाइ सुविधाको कमीले आकासे पानीको भरमा कृषकले धान रोपाइँ गर्नुपर्ने बाध्यता छ । संरक्षण केन्द्रको तथ्यांकअनुसार असार १२ सम्म सबैभन्दा धेरै गण्डकी र कर्णाली प्रदेशमा रोपाइँ सकिएको छ भने सबैभन्दा कम मधेश र कोशी प्रदेशमा भएको छ । गण्डकीमा खेतीयोग्य जमिनको २३ दशमलव ६८ प्रतिशत रोपाइँ भएको छ । गत वर्ष यो समयमा १३.७९ प्रतिशत रोपाइँ भएको थियो । यस्तै, कर्णाली प्रदेशमा २२ दशमलव ८१ प्रतिशत रोपाइँ भएको छ । गत वर्ष यही अवधिमा ३९ दशमलव १४ प्रतिशत भएको थियो । केन्द्रका अनुसार मधेश प्रदेशमा जम्मा ५ दशमलव ०१ प्रतिशतमात्र धान रोपाइँ सकिएको छ । गत वर्ष पनि यो अवधिमा ३ दशमलव ८९ प्रतिशत नै धान रोपाइँ भएको थियो । यसैगरी लुम्बिनी प्रदेशमा २० दशमलव ८ प्रतिशत रोपाइँ सकिएको छ । गत वर्ष यो बेला ९ दशमलव ६६ प्रतिशत रोपाइँ सकिएको थियो । यो प्रदेशमा ३ लाख १ हजार ३७२ हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुन्छ । यस्तै, कोशी प्रदेशमा ८ दशमलव २५ प्रतिशत रोपाइँ भएको छ । यसैगरी सुदूरपश्चिममा ९ दशमलव २६ प्रतिशत र बागमतीमा १२ दशमलव ५९ प्रतिशत रोपाइँ सकिएको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई